**मिति २०८२ श्रावण १५ गतेको कार्यपालिका बैठकमा पेश हुने प्रस्ताव र पारित हुने निर्णयहरू।**

**प्रस्तावहरू**

१. लेखा समिति पुनर्गठन सम्बन्धमा
२. करार म्याद थप सम्बन्धमा,
३. जिल्ला दररेट स्वीकृत गर्ने सम्बन्धमा
४. विविध।

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा धवलागिरी गाउँपालिकाको लेखा समितिमा देहायका पदाधिकारी रहने गरी पुनर्गठन गर्ने निर्णय गरियो।

**देहाय**

| | |
|---|---|
| ***देउ प्रसाद छन्त्याल*** | ***संयोजक*** |
| ***राजाराम उपाध्याय*** | ***सदस्य*** |
| ***सितादेवी छन्त्याल*** | ***सदस्य*** |
| ***लेखा शाखा प्रमुख*** | ***सदस्य सचिव*** |

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा प्रादेशिक स्वास्थ्य निर्देशनालय, प्रदेश आयुर्वेद चिकित्सालय बेनी म्याग्दीको च.नं.५, मिति २०८२/०४/०९ मा प्राप्त पत्रानुसार नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत नागरिक अभियानकर्ता(बैद्य) श्री नर बहादुर रोकालाई मिति २०८२ श्रावण १ गतेदेखी लागु हुने गरी २०८२ पौष मसान्तसम्म ६ महिनाको लागि करार म्याद थप गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा आ.व. २०८२/८३ को लागि जिल्ला प्रशासन कार्यालय, म्याग्दीबाट पारित भएको जिल्ला दररेटलाई अनुमोदन गर्ने र सोही आधारको Rate Analysis लाई यस गाउँपालिकामा समेत लागु गर्ने निर्णय गरियो।

४. विविध प्रस्ताव अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।
   क. आ.व. २०८१/८२ को असार महिनाको प्रोत्साहन भत्ता छुट भएका ह.स.चा. तारानाथ जैसी, कौशल मगर र प्रेम दमाईलाई नियमानुसार छुट भत्ता व्यवस्था गर्ने
   ख. वडा नं. १ मा पुल हेरालु बापतको रकम आ.व. २०८१/८२ मा छुट भएकोले नियमानुसार आ.व. २०८२/८३ मा प्रदान गर्ने।
   **ग. प्रारम्भिक बालविकास शिक्षकः** नेपाल सरकारले प्रदान गर्ने रू १२०००/- मा गाउँपालिकाबाट रू ६०००/- थप गरी १८०००/- कायम गर्नुका साथै दरखोला बालविकास केन्द्रमा कार्यरत प्रारम्भिक बालविकास शिक्षकको तलव समेत रू १८०००/-कायम गर्ने र पोशाक भत्ता एवं चाडपर्व खर्च समेत उपलब्ध गराउने।

घ. **विद्यालय सहयोगीः** नेपाल सरकारले प्रदान गर्ने रू १०,०००/- र गाउँपालिकाबाट रू ७२५०/- थप गरी जम्मा तलव रू १७,२५०/- कायम गर्ने।

ङ. **विद्यालय सहायक कर्मचारीः** नेपाल सरकारले प्रदान गर्ने १५०००/- र गाउँपालिकाबाट रू ५०००/- थप गरी जम्मा रू २०,०००/- कामय गर्ने।

च. सामुदायिक सिकाई केन्द्रको तलव नेपाल सरकारले प्रदान गर्ने रू १०,०००/- र गाउँपालिकाबाट रू ८०००/- थप गरी जम्मा रू १८,०००/- कायम गर्ने।

छ. शिक्षण सहयोग अनुदान अन्तर्गतका शिक्षकहरूको नियमानुसार महङ्गी भत्ता थप गर्ने।

ज. **गाउँपालिका अनुदान शिक्षकः** गाउँपालिकको अनुदानमा कार्यरत शिक्षकहरूको तलव भत्ता गत आ.व.मा निर्धारण भएबमोजिम नै हुने गरी कायम गर्ने।

झ. दिवा खाजा अन्तर्गत नेपाल सरकारबाट प्राप्त हुने रु २०/- मा गाउँपालिकाबाट रू ५/- थप गरी दिवा खाजा बापत प्रतिविद्यार्थी  रू २५/- उपलब्ध गराउने।

ञ. हेम मा.वि सिवाङमा कार्यरत कर्मचारीको देहायबमोजिम हुने गरी तलव भत्ता निर्धारण गर्ने।

**देहाय**

| | |
|---|---|
| **सफाई कर्मचारी** | **रू. १५,०००/-** |
| **भान्से** | **रू. १८,०००/-** |
| **वार्डेन** | **रू. २५,०००/-** |

ट. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरूमा कार्यरत प्रध्यानाध्यापक हरूलाई मा.वि तहको लागि रू १५००/- र आधारभुत तहको लागि रू १०००/- संचार खर्च प्रदान गर्ने।